अदालतले भर्ने ..........
दर्ता नं. ..................
दर्ता मिति ...............

# श्री काठमाडौं जिल्ला अदालतमा

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ वमोजिम दायर गरेको अभियोग पत्र

### २०८०/०८१ सालको निर्णय नम्बरः-

**केन्द्रिय अनुसन्धान ब्यूरोको पत्र** जाहेरीले नेपाल सरकार ...................................................... **वादी**

**विरुद्ध**

१. **बागमती प्रदेश,** जिल्ला ललितपुर, साबिक देवीचौर गा.बि.स.वडा नं.७ हाल परिवर्तित ऐ.जिल्ला गोदावरी नगरपालिका वडा नं.७ देवीचौर स्थायी घरभई हाल जिल्ला भक्तपुर मध्यपुर थिमी नगरपालिका वडा नं.१ मनोहरा प्लानिङ बस्ने काम प्रसाद तिमल्सीनाको छोरा बर्ष-३६ को **राज कुमार तिमल्सीना**................................**(फरार)......................................१**

२. जिल्ला बाग्लुङ, काठेखोला गाउँपालिका वडा नम्बर ६ वतन भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४ बालुवाटार स्थिथमा कार्यालय रहेको सिधा कुरा डटकम कार्यालयका अध्यक्ष तथा प्रस्तोता अन्दाजी बर्ष २९ को **युवराज कडेंल......**......................................................**(फरार)................................१**

३. **बागमती प्रदेश**, जिल्ला धादिङ निलकण्ठ नगरपालिका वडा नम्बर ५ स्थायी वतन भई, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४ बालुवाटार स्थितमा कार्यालय रहेको सिधा कुरा डटकमका कार्यकारी सम्पादक अन्दाजी बर्ष ३३ को **नवीन ढुंगाना..............................................................(फरार)...............................१**

**प्रतिवादी**

मुद्दाः <u>विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन अन्तर्गतको र अपमानजनक व्यवहार सम्वन्धी कसूर ।</u>

**मुद्दाको संक्षिप्त तथ्यः**

१. **केन्द्रिय अनुसन्धान ब्यूरोको पत्र:-**

प्रस्तुत बिषयमा सम्मानित सर्वोच्च अदालत, मुद्दा तथा रिट महाशाखा, मुद्दा फाँट २१ को चलानी नं.४७५७६ मिति २०८१/०१/२३ गतेको प्राप्त पत्रादेश सम्बन्धमा पुनरावेदन/निवेदक सर्वोच्च अदालतका उपरजिस्ट्रार गोविन्द प्रसाद घिमिरे र प्रत्यर्थी/विपक्षी काठमाडौं महानगरपालिका वडा नं.४ बालुवाटार कार्यालय रहेको सिधा कुरा डट कम समेत भएको अदालतको अवहेलना मुद्दामा पेश भएको श्रव्य दृष्यमा उठाईएको विषयवस्तुको सम्बन्धमा यस ब्यूरोको चलानी नं.११५६४ मिति २०८१/०१/२४ गतेको पत्रद्धारा गठित अनुसन्धान तथा छानविन समितिले पेश गरेको प्रतिवेदनमा श्रीमान प्रहरी महानिरीक्षकज्यूबाट फौजदारी कानून उल्लघंन गरेको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतको आदेश अनुसार गर्न हुन भनी तालुक नेपाल प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालयको दर्ता नं.६७१६ मिति २०८१/ ०२/२४ गतेको तोक आदेश प्राप्त भई आएको हुँदा सो सम्बन्धमा आवश्यक अनुसन्धान गरी कानून बमोजिम कारबाही गर्नु हुन छानविन प्रतिबेदन थान-१ (एक) यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध गरिएको छ भन्ने तालुक **नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रिय अनुसन्धान ब्यूरो, प्रशासन शाखा, लाजिम्पाट, काठमाडौको चलानी नं.१३५११ मिति २०८१/०२/३० गतेको पत्र ।**

२. **बुझिएका मानिसले गरिदिएको घटना विवरण कागज:**

क) **राज कुमार तिमल्सीनाको कागज :-**

सिधाकुरा मिडिया नेटवर्क प्रा.लि. को च नं ३० मिति २०८१/०१/२६ गतेको पत्रसाथ प्राप्त हुन आएको उक्त संस्थाका प्रकाशक युवराज कँडेलको ईमेलमा प्राप्त भए पछि डाउनोड भएको अवस्थाबाट कपी गरी प्राप्त हुन आएको File name: 2021_03_12_18_20_18_1.mp3, Item type: MP3 Audio File, Size: 19.0 MB भएको Audio Clip रहेको Green Tech, 16GB लेखिएको पेन ड्राईभ थान १ र उक्त संस्थाका प्रकाशक युवराज कँडेलको ईमेलबाटै डाउनोड गरी अर्को पेन ड्राईभमा छुट्टै राखी प्राप्त हुन आएको File name: 2021_03_12_18_20_18_1 (2), Item type: MP3 Audio File, Size: 19.0 MB भएको Audio Clip रहेको hp, 16GB लेखिएको पेन ड्राईभ थान १ मा भएका उल्लेखित अडियो क्लिपहरु मलाई कम्प्यूटरबाट Play गरी सुनाउँदा, सनें । उक्त अडियो क्लिपहरु मैले सिधाकुरा मिडिया नेटवर्क प्रा.लि.का प्रकाशक युवराज कँडेललाई ईमेलबाट पठाएको अडियो क्लिपहरु नै हुन् । सुनी सनाखत गरी दिएँ । उक्त अडियो क्लिपहरु मैले मेरो timalsinaaarosh@gmail.com ई मेल आई डि बाट सन् २०२४ अप्रिल १७ (मिति २०८१/०१/०५) गते साँझ करिव ०८२५ बजे सिधाकुरा मिडिया नेटवर्क प्रा.लि.का प्रकाशक युवराज कँडेलको yuvrajdtv@gmail.com ई मेल आई डिमा पठाएको हुँ। उक्त अडियो क्लिप मैले २०७७/१२/३० गते साँझ करिव १७०० बजे देखि १८०० बजेको बीचमा जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका, (वडा नं एकिन भएन) तीन कुने स्थित अन्नपूर्ण पोष्टको प्रधान कार्यालय रहेको भवनको भित्र रेकर्ड गरेको हुँ।

अडियो क्लिपमा भएका वार्तालापहरु सोही कार्यालयको छैठौं/ सातौं तल्लामा रेकर्ड गरिएको हो । उक्त अडियो क्लिप मैले सामान्य खालको चाईनिज मोबाईल फोन सेटमा रेकर्ड गरेको हुँ । उक्त मोबाईल सेटको नाम, मोडल, सिरियल नं, IMEI नं मलाई थाहा भएन । उक्त मोबाईल फोनमा सिम कार्ड राखिएको थिएन । उक्त मोबाईल फोनमा क्षमता (Capacity) याद नभएको मेमोरी कार्ड पनि थियो । उक्त मोबाईल फोन २०७९/०६/१९ गते झापा जिल्ला, दमक स्थित तरकारी बजारमा हराएको थियो । उक्त मोबाईल फोनमा सिमकार्ड नभएको भएर मैले कहीं कतै खोजतलासको लागि निवेदन दिएको छैन । उक्त डिभाईस/ मोबाईल फोनमा गरिएको अडियो रेकर्ड मैले तत्काल मैले अन्नपूर्ण पोष्टको कार्यालयमा मोबाईल फोनमा रेकर्ड गरेको अडियो क्लिप २ दिन पछि कामको सिलसिलामा झापा जिल्ला स्थित विर्तामोड गएको बेलामा संचालक तथा पसलको नाम थाहा नभएको मोबाईल फोन पसलमा गई निजको डेस्कटप कम्प्युटर र मेरो मोबाईल फोनमा तार जडान गरी डेस्कटप कम्प्युटरमा ट्रान्सफर गरे पश्चात सोही पसलमा २ थान पेन ड्राईभ (प्रति पेन ड्राईभ रु.३५०।-) खरिद गरी उक्त पेन ड्राईभहरुमा अडियो क्लिप कपी गरी राखेको थिएँ । उक्त अडियो क्लिप मैले तत्काल प्रयोग गर्दै आएको Red mi कम्पनीको स्क्रिन टच भएको मोबाईल फोनमा पनि कपी गरी राखेको थिएँ । मोबाईल पसलको डेस्कटप कम्प्युटरमा भएको अडियो क्लिप मैल संचालकलाई डिलिट गर्न भने बमोजिम निजले डिलिट गरेका थिए । उक्त अडियो क्लिप कपी गरिएको मोबाईल फोन म सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम सर्वोच्च अदालतमै भोली पेश गर्ने छु । उक्त मोबाईल फोन हाल मेरो साथमा छैन । अडियो क्लिप कपी गरिएका २ थान पेन ड्राईभहरु मध्ये १ थान पेन ड्राईभ भारत स्थित चण्डीगढी प्याज व्यवसायको सिलसिलामा गएको बेला ल्यापटपको झोला सहित करिव डेढ वर्ष अघि हराएको थियो । अर्को १ थान पेन ड्राईभ करिव ८/९ महिना अघि भक्तपुर सल्लाघारीबाट हाल बस्दै आएको डेरा कोठामा सर्ने क्रममा हराएको थियो । मैले रेकर्ड गरेको माथि उल्लेखित अडियो क्लिप मेरो मोबाईल फोनबाट ईमेलमा अट्याच गरी सिधाकुरा मिडिया नेटवर्क प्रा.लि.का प्रकाशक युवराज कँडेलको माथि उल्लेखित ईमेलमा बाहेक अन्य कोही कसैलाई उपलब्ध गराएको छैन । प्राप्त हुन आएको अडियो क्लिपको File name: 2021_03_12_18_20_18_1, Item type: MP3 Audio File, Size: 19.0 MB देखिएकोमा उक्त अडियो क्लिप मोबाईल फोनबाट झापा स्थित मोबाईल फोन पसलमा डेस्कटप कम्प्युटरमा कपी गर्दा रहन गएको File name नै हो । उक्त File name लाई पुन: नामाकरण (Rename) गरिएको छैन । उक्त अडियो क्लिप मैले लगातार रेकर्ड गरेको हो । उक्त अडियो क्लिप मैले कुनै प्रकारको प्रविधि तथा सफ्टवेयरको प्रयोग गरी सम्पादन (Edit) गरेको छैन । उक्त अडियो क्लिपमा भएको संवादलाई स्क्रिप्टको रुपमा तयार गरिएको लिखत (कागजातहरु) मलाई देखाई पढी व्यहोरा अवगत गर्न दिईएकोमा पढी व्यहोरा अवगत गरें । उक्त संवादको स्क्रिप्टमा भएका कुराकानीहरु मध्ये सि.नं. २, ४ र ६ मा भएको संवाद अन्नपूर्ण पोष्टको प्रधान कार्यालय रहेको भवनमा बस्ने व्यक्तिको हो । निजलाई मैले चिनेको छैन । निजको नाम थर, वतन, सम्पर्क नं लगायतका विवरण मलाई थाहा भएन । उक्त संवादको स्क्रिप्टमा भएका कुराकानीहरु मध्ये सि.नं. ३६ मा भएको संवाद कान्तिपुरका अध्यक्ष भनी परिचय गराईएका कैलाश सिरोहिया भन्ने व्यक्तिको हो । निजलाई मैले सोही स्थानमा सोही दिन मात्र देखेको हुँ । निजको वतन, सम्पर्क नं लगायतका विवरण मलाई थाहा भएन । उक्त संवादको स्क्रिप्टमा भएका कुराकानीहरु मध्ये सि.नं. ६६, ६८, ७० र ७२ मा भएको संवाद अन्नपूर्ण पोष्टका पत्रकार सुरेन्द्र काफ्ले भन्ने व्यक्तिको हो । निजलाई मैले सोही स्थानमा

सोही दिन मात्र पहिलो पटक प्रत्यक्ष रुपमा देखेको हुँ । निजको वतन मलाई छैन । निजको सम्पर्क नं ९८५८०२१०४० हो। उक्त संवादको स्क्रिप्टमा भएका कुराकानीहरु मध्ये सि.नं. ८, १०, १२, १४, १६, १७, १९, २१, २३, २६, २८, ३०, ३२, ३४, ३७, ३९, ४१, ४३, ४६, ४८, ५०, ५२, ५३, ५६, ५७, ५९, ६१, ६३, ६५, ७४, ७७, ७९, ८१, ८३, ८५, ८७, ८९, ९१, ९३, ९५, ९७, ९९, १०१, १०३, १०५, १०७, १०९, १११, ११३, ११५, ११७, ११८ र १२० मा भएको संवाद अधिवक्ता किशोर कुमार बिष्टले निजको सहयोगी भनी उक्त भेटघाट हुनु भन्दा करिव २/३ महिना पहिले किशोर बिष्ट भनी परिचय गराएका व्यक्ति हुन्। निजको वतन र सम्पर्क नं मलाई एकिन छैन। अधिवक्ता किशोर कुमार बिष्टको सम्पर्क नं भने ९८५१०६९३७२ हो। उक्त संवादको स्क्रिप्टमा भएका कुराकानीहरु मध्ये सि.नं. १, ३, ५, ७, ९, ११, १३, १५, १८, २०, २२, २४, २५, २७, २९, ३१, ३३, ३५, ३८, ४०, ४२, ४४, ४५, ४७, ४९, ५१, ५४, ५५, ५८, ६०, ६२, ६४, ६७, ६९, ७१, ७३, ७५, ७६, ७८, ८०, ८२, ८४, ८६, ८८, ९०, ९२, ९४, ९६, ९८, १००, १०२, १०४, १०६, १०८, ११०, ११२, ११४, ११६, ११९ र १२१ मा भएको संवाद मेरो हो । अडियो क्लिपको संवादको अन्त्यमा भएको कुराकानी मैले प्रहरी उपरीक्षक संजय सिंह थापासँग गरेको हो। निजसँग मेरो केही वर्ष अगाडी निज अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंमा कार्यरत रहँदा मेरो काम विशेषले सो कार्यालयमा जाँदा चिनजान भएको हो । प्रहरी उपरीक्षक संजय सिंह थापाको नेतृत्वमा गएको टोलीले प्रहरी निरीक्षक जय नेपाल थापालाई रंगेहात पक्राउ गरी कारवाहीको लागि नियन्त्रणमा लिई मुद्दा विशेष अदालतमा दायर भएको र सोही मुद्दा समेतसँग सम्बन्धित कुराकानी भएको कारण मैले निज संजय सिंह थापालाई उक्त विषयको जानकारी गराएको थिएँ। प्रतिवादी जय नेपाल थापाको तर्फबाट कानूनी सहायता प्रदान गरी रहेका वरिष्ठ अधिवक्ता हरि उप्रेती र निजका सहयोगी अधिवक्ता किशोर कुमार बिष्टको पनि अडियो क्लिप रेकर्ड गर्दाको भेटघाटमा उपस्थिति रहेको थियो । त्यस पश्चात प्रहरी उपरीक्षक संजय सिंह थापासँग व्यक्तिगत कुराकानीहरु बाहेक अन्य केही कुराकानी भएको छैन । यस ब्यूरोबाट अडियोमा भएको कुराकानी प्रिन्ट गरिएको स्क्रिप्ट पाना ७ (सात)मा समेत सही छाप गरी दिएँ भन्ने ब्यहोराको सम्मानित सर्वोच्च अदालत, मुद्दा तथा रिट महाशाखा, मुद्दा फाँट २१ को चलानी नं ४७५७६ मिति २०८१/०१/२३ गतेको पत्रादेश सम्बन्धमा पुनरावेदक/ निवेदक सर्वोच्च अदालतका उपरजिष्ट्रार गोविन्दप्रसाद घिमिरे र प्रत्यर्थी/ विपक्षी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं ४, बालुवाटारमा कार्यालय रहेको सिधा कुरा डट कम समेत भएको अदालतको अवहेलना मुद्दामा पेश भएको श्रव्य दृश्यमा उठाईएको विषयवस्तुको सत्यतथ्य तथा प्राविधिक पक्षको समेत आवश्यक अनुसन्धान तथा छानविन गर्न गठित समिति समक्ष काम प्रसाद तिमल्सीनाका छोरा जिल्ला ललितपुर, सविक देवीचौर गाविस-७, हाल परिवर्तित गोदावरी नगरपालिका, वडा नं ७, देवीचौर घर भई हाल जिल्ला भक्तपुर, मध्यपुर थिमि नगरपालिका, वडा नं १, मनोहरा प्लानिङ बस्ने बस्ने वर्ष ३७ को **राज कुमार तिमल्सीनाले गरी दिएको घटना विवरण कागज ।**

**ख) <u>अधिवक्ता किशोर कुमार बिष्टको कागजः-</u>**

सिधाकुरा मिडिया नेटवर्क प्रा.लि. बाट यस ब्यूरोलाई प्राप्त भएको अडियो क्लिपमा भएको संवादलाई लिपिबद्ध गरिएको स्क्रिप्ट अध्ययन गरी व्यहोरा अवगत भयो । उक्त अडियो क्लिप उपलब्ध गराउने राज कुमार

तिमल्सीनासँग मेरो चिनाजानी र कुनै सम्बन्ध छैन । मेरो नाम अधिवक्ता किशोर कुमार बिष्ट हो । म विगत ५२ सालदेखि निरन्तर कानून व्यवसायमा छु । मसँग किशोर बिष्ट नाम गरेका कुनै पनि व्यक्ति कहिले पनि सहयोगीको रुपमा रहेका छैनन् । मेरो जान पहिचान, नाता गोतामा समेत कोही पनि किशोर बिष्ट नाम गरेका व्यक्ति छैनन् । प्रस्तुत सवालमा उल्लेख गरेको व्यक्ति मेरो चिनाजानीमा नभएका, सहयोगी नरहेका, नाता सम्बन्धमा समेत नरहेका हुँदा सो सम्बन्धमा मलाई केही थाहा छैन । मलाई निजले उल्लेख गरेको कथित बैठकका सम्बन्धमा कुनै पनि कुराको जानकारी छैन । रामेश्वर थापा, कैलाश सिरोहिया, सुरेन्द्र काफ्ले लगायत कसैलाई पनि चिन्दिनँ । आजका मितिसम्म म कहिले अन्नपूर्ण पोष्टको कार्यालयमा टेकेको समेत छैन । सो अडियोमा उल्लेख गरिएका भनिएका स्वरहरु मेरो होईन । सो कुरालाई निज राजकुमारले नै स्वीकार गरी सकेका छन् । मलाई उक्त कथित बैठक भएको भन्ने जानकारी पनि छैन र कहिले कल्पना पनि गरेको छैन । निज राज कुमार तिमल्सीनालाई मैले भेटेको छैन । निजलाई कहिल्यै मेरो सहयोगी भनी कोही कसैलाई चिनाएको पनि छैन । निजले मेरो सहयोगी भनी उल्लेख गरेका व्यक्ति किशोर बिष्ट को हुन् ? मलाई थाहा नभएको हुँदा निजको एकिन नाम थर, उमेर, वतन, सम्पर्क नं, निज आवद्ध रहेको सामाजिक संजाल समेतको विवरण मलाई थाहा छैन भन्ने समेत ब्यहोराको सम्मानित सर्वोच्च अदालत, मुद्दा तथा रिट महाशाखा, मुद्दा फाँट २१ को चलानी नं ४७५७६ मिति २०८१/०१/२३ गतेको पत्रादेश सम्बन्धमा पुनारावेदक/ निवेदक सर्वोच्च अदालतका उपरजिष्ट्रार गोविन्दप्रसाद घिमिरे र प्रत्यर्थी/ विपक्षी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं ४, बालुवाटारमा कार्यालय रहेको सिधा कुरा डट कम समेत भएको अदालतको अवहेलना मुद्दामा पेश भएको श्रव्य दृश्यमा उठाईएको विषयवस्तुको सत्यतथ्य तथा प्राविधिक पक्षको समेत आवश्यक अनुसन्धान तथा छानविन गर्न गठित समिति समक्ष राधाकृष्ण बिष्टका छोरा जिल्ला ललितपुर, गोदावरी नगरपालिका, वडा नं ९, छम्पी बस्ने वर्ष ५३ को अधिवक्ता किशोर कुमार बिष्टले गरी दिएको घटना विवरण कागज भन्ने समेत ब्यहोराको कागज ।

ग) **<u>कैलाश प्रसाद सिरोहियाको कागजः-</u>**

छानविन समिति समक्ष प्राप्त हुन आएको File name: 2021_03_12_18_20_18_1 (2), Item type: MP3 Audio File, Size: 19.0 MB भएको Audio Clip कम्प्युटरमा प्ले गरी मलाई सुनाउँदा र छानविनको क्रममा तयार गरिएको उक्त अडियो क्लिपको संवादको स्क्रिप्ट मलाई दिईएकोमा पढी सो सम्बन्धमा व्यहोरा अवगत भयो । उक्त अडियो क्लिप के कहाँ कसले रेकर्ड गरेको हो ? मलाई थाहा छैन । उक्त अडियो क्लिपमा उल्लेखित व्यक्तिहरु मध्ये अन्नपूर्ण पोष्टका अध्यक्ष क्याप्टेन रामेश्वर थापा मेरो पूर्व व्यवसायिक साझेदार भएको कारण निजसँग पूर्व चिनजान छ । अडियो क्लिपमा भनिएका अन्य कोही कसैलाई चिन्दिनँ । क्याप्टेन रामेश्वर थापा अध्यक्ष रही अन्नपूर्ण पोष्ट स्थापना गरिए पश्चात काठमाडौं, तीनकुने स्थित उक्त कार्यालयमा गएको छैन । उक्त अडियो क्लिपमा नाम लिईएका व्यक्तिहरु सम्मिलित बैठकमा म कहिले पनि कहीं कतै बसेको छैन । उक्त अडियो क्लिपमा "उहाँ चाहीं कान्तिपुरको अध्यक्ष कैलाश सिरोहिया हुनु हुन्छ" भनी परिचय गराउने व्यक्ति को हुन् ? मलाई थाहा छैन । किशोर बिष्ट भन्ने व्यक्ति म चिन्दिनँ । उक्त अडियो क्लिप मेरो प्रतिष्ठामा आँच पुर्याउनुका साथै चरित्र हत्या गर्ने नियतले बनाईएको हो र त्यसमा भएको व्यहोरा

कपोलकल्पित एवं भ्रामक छ भन्ने ब्यहोराको सम्मानित सर्वोच्च अदालत, मुद्दा तथा रिट महाशाखा, मुद्दा फाँट २१ को चलानी नं ४७५७६ मिति २०८१/०१/२३ गतेको पत्रादेश सम्बन्धमा पुनारावेदक/ निवेदक सर्वोच्च अदालतका उपरजिष्ट्रार गोविन्दप्रसाद घिमिरे र प्रत्यर्थी/ विपक्षी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं ४, बालुवाटारमा कार्यालय रहेको सिधा कुरा डट कम समेत भएको अदालतको अवहेलना मुद्दामा पेश भएको श्रव्य दृश्यमा उठाईएको विषयवस्तुको सत्यतथ्य तथा प्राविधिक पक्षको समेत आवश्यक अनुसन्धान तथा छानविन गर्न गठित समिति समक्ष रोशन लाल सिरोहियाको नाती, घासीराम सिरोहियाका छोरा जिल्ला धनुषा, जनकपुर उपमहानगरपालिका, वडा नं १, मिल्स जन्मस्थान भई हाल जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका, वडा नं ४, अन्नपूर्ण मार्ग, लोहसालबस्ने कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष वर्ष ६१ को **कैलाश प्रसाद सिरोहिया (नाप्रप नं ३९६९८८८६/ धनुषा) ले गरी दिएको घटना विवरण कागज।**

**घ) <u>प्रहरी उपरीक्षक संजय सिंह थापाको कागज:-</u>**

छानविन समिति समक्ष सिधाकुरा मिडिया नेटवर्क प्रा.लि. को च नं ३० मिति २०८१/०१/२६ गतेको पत्रसाथ प्राप्त हुन आएको उक्त संस्थाका प्रकाशक युवराज कँडेलको ईमेलमा प्राप्त भए पछि डाउनोड भएको अवस्थाबाट कपी गरी प्राप्त हुन आएको File name: 2021_03_12_18_20_18_1.mp3, Item type: MP3 Audio File, Size: 19.0 MB भएको Audio Clip रहेको Green Tech, 16GB लेखिएको पेन ड्राईभ थान १ र उक्त संस्थाका प्रकाशक युवराज कँडेलको ईमेलबाटै डाउनोड गरी अर्को पेन ड्राईभमा छुट्टै राखी प्राप्त हुन आएको File name: 2021_03_12_18_20_18_1 (2), Item type: MP3 Audio File, Size: 19.0 MB भएको Audio Clip रहेको hp, 16GB लेखिएको पेन ड्राईभ थान १ मा भएका उल्लेखित अडियो क्लिपहरु मलाई कम्प्युटरमा प्ले गरी सुनाउँदा सुनी पाएँ र छानविनको क्रममा तयार भएको स्क्रिप्ट समेत पढी व्यहोरा अवगत गरें । सो सम्बन्धमा म अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौँमा मिति२०७६ साल भाद्र महिनादेखि मिति २०७८ साल श्रावण महिनासम्म सूचना संकलन शाखा (Intelligence Section) मा कार्यरत रहेको थिएँ ।राजकुमार तिमल्सीना आफू तथा अन्य साथीभाईका घुस रिसवतसँग सम्बन्धित सूचना म कार्यरत रहेको अवधि भन्दा अघि देखिनै लिई सम्मानित आयोग र आयोगका कार्यालयमा आउने गरेको जानकारी पाएको थिएँ ।म कार्यरत रहेको समयमा पनि निजराजकुमारतिमल्सीनाको निवेदन/सूचनाको आधारमा केही स्टिङ्गकारवाही भएका थिए । निजले सेवा प्रदायकबाट सेवाग्राहीलाई झन्झट, काममा ढिलासुस्ती वा घुस रिसवत मागेको विषयका सूचना निज कहिले आफै उपस्थित भएर वा टेलिफोनबाट दिने गरेका थिए। उक्त शाखामा कार्यरत हामी १२ जना कर्मचारीसँग निजको चिनजान रहेकोले निज र उक्त शाखामा कार्यरत म लगायत अन्य कर्मचारीहरूका बिचमा कुराकानी हुने गरेको थियो। सिधाकुरा मिडिया नेटवर्क प्रा.लि.को The Dark Fileनामक कार्यक्रमबाट सम्प्रेषित कार्यक्रमसँग सम्बन्धित अडियो रेकर्डको बारेमा म अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौँमा कार्यरत रहँदा निज राजकुमार तिमल्सीनाले मलाई लिखित वा मौखिक कुनै पनि माध्यमबाट रिपोर्ट गरेका छैनन्। सम्मानित आयोगको सूचना शाखामा कोही कुनै राष्ट्र सेवक कर्मचारीले घुस रिसवत मागेको सूचना प्राप्त भए पछी सो को रिपोर्ट सम्मानित

आयोगको प्रहरी महाशाखा प्रमुख मार्फत माननीय प्रमुख आयुक्तज्यूमा जाहेर गरी माननीयज्यूको निर्देशन बमोजिम प्रारम्भिक सूचनालाई थप पुष्ट्याई गर्दै प्रमाण संकलन गरी स्टिङ्ग कारवाही गर्ने गरिएको थियो। निजले म कार्यरत रहेको अवधिमा मलाई प्रस्तुत विषयमा आफै उपस्थित भई लिखित वा मौखिक रुपमा वा टेलिफोनबाटतथा अडियो रेकर्ड उपलब्ध गराई जानकारी दिएका थिएनन्, छैनन् । निज राजकुमार तिमल्सीनासँग मेरो करिव दुई/ साढे दुई वर्ष यता फोन सम्पर्क तथा भेटघाट भएको पनि छैन। केही हप्ता अगाडी निज राजकुमार तिमल्सिनाले मलाई सामान्य औपचारिकता निभाउने अभिप्रायले फोन गरेका थिए र त्यसको केही दिन पश्चात पुन: फोन गरी स्टिङ कारवाहीसँग सम्बन्धित कुनै कार्यक्रम सम्प्रेषण हुन लागेको छ भनी बताएका थिए। म हाल सम्मानित आयोगको सोही विषय हेर्ने शाखामा कार्यरत नरहेको कारण मैले निजको कुरामा खासै चासो दिईनँ। निज राजकुमार तिमल्सीनाले स्टिङ कारवाहीसँग सम्बन्धित कार्यक्रम सिधाकुरा मार्फत प्रशारण भएको छ, हेर्नुहोस भनी फोन गरी बताए पश्चातकार्यक्रमको बारेमा हेरी जानकारी पाएको हुँ।निज राजकुमार तिमल्सीनाले यस समिति समक्ष गरी दिएको कागजमा उक्त अडियो क्लिपका अन्त्यमा भएको संवाद मसँग भएको हो भनी खुलाई लेखाई दिएका रहेछन् । निजराजकुमार तिमल्सीनाले मलाई प्रस्तुत विषयमा आयोगमा कार्यरत रहँदा कुनै पनि खालको रिपोर्टिङ्ग गरेको मलाई थाहा जानकारी छैन, गरेको छैन । निज राजकुमार तिमल्सीनाले समिति समक्ष अडियो क्लिपमा भएको विषय मलाई जानकारी गराएको भनी सम्मानित सर्वोच्च अदालत, मुद्दा तथा रिट महाशाखा, मुद्दा फाँट २१ को चलानी नं ४७५७६ मिति २०८१/०१/२३ गतेको पत्रादेश सम्बन्धमा पुनारावेदक/ निवेदक सर्वोच्च अदालतका उपरजिष्ट्रार गोविन्दप्रसाद घिमिरे र प्रत्यर्थी/ विपक्षी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं ४, बालुवाटारमा कार्यालय रहेको सिधा कुरा डट कम समेत भएको अदालतको अवहेलना मुद्दामा पेश भएको श्रव्य दृश्यमा उठाईएको विषयवस्तुको सत्यतथ्य तथा प्राविधिक पक्षको समेत आवश्यक अनुसन्धान तथा छानविन गर्न गठित समिति समक्ष नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग, नक्साल, काठमाडौंमा कार्यरत वर्ष-४९ को **प्रहरी उपरीक्षक संजय सिंह थापाले गरी दिएको घटना विवरण कागज ।**

ङ) **<u>क्याप्टेन रामेश्वर थापाको कागज:-</u>**

छानविन समिति समक्ष प्राप्त हुन आएको File name: 2021_03_12_18_20_18_1 (2), Item type: MP3 Audio File, Size: 19.0 MB भएको Audio Clip कम्प्युटरमा प्ले गरी मलाई सुनाउँदा र छानविनको क्रममा तयार गरिएको उक्त अडियो क्लिपको संवादको स्क्रिप्ट मलाई पढ्न दिईएकोमा पढी सो सम्बन्धमा व्यहोरा अवगत भयो। उक्त अडियो क्लिप अन्नपूर्ण पोष्टको प्रधान कार्यालयमा रेकर्ड गरिएको होईन । उक्त अडियो क्लिपमा नाम लिईएका व्यक्तिहरुसँग मेरो कार्यालयमा कुनै बैठक बसेको छैन। उक्त अडियो क्लिप रेकर्ड गर्ने व्यक्ति को हुन् ? निजले रेकर्ड गरेको अडियो क्लिपमा को कसको उपस्थिति थियो, मलाई थाहा छैन। त्यस अडियो क्लिपमा "उहाँ चाहीं अन्नपूर्णको अध्यक्ष रामेश्वर थापा हुनु हुन्छ" भनी परिचय गराउने व्यक्ति को हुन् ? मलाई थाहा छैन। किशोर बिष्ट भन्ने व्यक्ति म चिन्दिनँ। उक्त अडियो क्लिपमा भएको विषयवस्तुसँग सम्बन्धित बैठकमा म सहभागी छैन । अन्नपूर्ण पोष्टको कार्यालयमा आउने आगन्तुकहरुले साथमा लिई आएको मोबाईल फोन तथा व्यक्तिगत सामानहरु यस कार्यालयमा राख्ने गरिएको छैन, सम्बन्धित व्यक्तिले आफ्नै साथमा राख्छन्। उक्त अडियो क्लिपमा गरिएको विषयवस्तु झुठ्ठा हो भन्ने ब्यहोराको सम्मानित

सर्वोच्च अदालत, मुद्दा तथा रिट महाशाखा, मुद्दा फाँट २१ को चलानी नं ४७५७६ मिति २०८१/०१/२३ गतेको पत्रादेश सम्बन्धमा पुनारावेदक/ निवेदक सर्वोच्च अदालतका उपरजिष्ट्रार गोविन्दप्रसाद घिमिरे र प्रत्यर्थी/ विपक्षी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं ४, बालुवाटारमा कार्यालय रहेको सिधा कुरा डट कम समेत भएको अदालतको अवहेलना मुद्दामा पेश भएको श्रव्य दृश्यमा उठाईएको विषयवस्तुको सत्यतथ्य तथा प्राविधिक पक्षको समेत आवश्यक अनुसन्धान तथा छानविन गर्न गठित समिति समक्ष बल बहादुर थापाका छोरा जिल्ला काभ्रेपलान्चोक, पनौती नगरपालिका, वडा नं २, कुशादेवी हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका, वडा नं. ८, चपली बस्ने अन्नपूर्ण मिडिया नेटवर्क प्रा.लि. का अध्यक्ष वर्ष-५८ को **क्याप्टेन रामेश्वर थापाले गरी दिएको घटना विवरण कागज ।**

**च) <u>सुरेन्द्र काफ्लेको कागज:-</u>**

छानविन समिति समक्ष प्राप्त हुन आएको File name: 2021_03_12_18_20_18_1 (2), Item type: MP3 Audio File, Size: 19.0 MB भएको Audio Clip कम्प्युटरमा प्ले गरी मलाई सुनाउँदा र छानविनको क्रममा तयार गरिएको उक्त अडियो क्लिपको संवादको स्क्रिप्ट मलाई पढ्न दिईएकोमा पढी सो सम्बन्धमा व्यहोरा अवगत भयो । उक्त अन्नपूर्ण पोष्टको प्रधान कार्यालयमा रेकर्ड गरेको भनिएको अडियो क्लिपमा/ स्क्रिप्टको सि. नं. ६६, ६८, ७० र ७२ मा भएको (तिमल्सीना जी, तपाईले मलाई याद गर्नु भएको छ ?, हजुर, ...... त्यही भएर हो) भन्ने वाक्यांश मैले बोलेको होईन । मैले बोलेको भनी उल्लेख भएको व्यहोरा मिथ्या हो । उक्त अडियो क्लिप अन्नपूर्ण पोष्टको कार्यालय रहेको भवनमा रेकर्ड गरिएको जानकारी मलाई छैन । उक्त अडियो क्लिपमा नाम लिईएका व्यक्तिहरुसँग मेरो कार्यालयमा कुनै बैठक बसेको छैन । उक्त अडियो क्लिपमा उपस्थित रहेको भनिएका व्यक्तिहरु मध्ये मैले अन्नपूर्ण पोष्टका अध्यक्ष क्याप्टेन रामेश्वर थापा बाहेक अन्य कोही कसैलाई चिनेको पनि छैन र अहिले सम्म पनि दोहोरो चिनजान एवं भेटघाट छैन । उक्त अडियो क्लिप रेकर्ड गर्ने व्यक्तिलाई म चिन्दिनँ । निजले रेकर्ड गरेको अडियो क्लिपमा को कसको उपस्थिति थियो, मलाई थाहा छैन । उक्त अडियो क्लिपमा आवाज/ स्वर रहेको भनी उल्लेख भएका किशोर बिष्ट भन्ने व्यक्तिलाई मैले चिनेको छैन । उक्त अडियो क्लिपमा भएको विषयवस्तुसँग सम्बन्धित बैठकमा म सहभागी भएको छैन । उक्त अडियो क्लिपमा भएको विषय वस्तु झुठ्ठा हो । अन्नपूर्ण पोष्टको कार्यालयमा आउने आगन्तुकहरुले साथमा लिई आएको मोबाईल फोन तथा व्यक्तिगत सामानहरु निजहरुले आफ्नै साथमा राख्छन् । आगन्तुकहरुको व्यक्तिगत सामान यस कार्यालयको रिसेप्सन वा अन्य स्थानमा राख्ने गरेको मलाई अहिलेसम्म थाहा छैन । काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं ३२ स्थित रहेको अन्नपूर्ण पोष्ट दैनिकको कार्यालय रहेको भवनको छैठौं तल्लामा The Annapurna Express (अंग्रेजी दैनिक पत्रिका) को काम काज हुने गर्छ । सातौं तल्लामा अन्नपूर्ण मिडिया नेटवर्क प्रा.लि.को बजार व्यवस्थापन, वितरण, वित्तीय व्यवस्थापनसँग सम्बन्धित कार्यालयहरु रहेका छन् । आठौं तल्लामा अन्नपूर्ण मिडिया नेटवर्क प्रा.लि.का अध्यक्ष क्याप्टेन रामेश्वर थापाज्यूको कार्यकक्ष रहेको छ । नवौं तल्लामा अन्नपूर्ण पोष्ट दैनिकको सम्पादकीय कक्ष रहेको छ । पहिलो देखि पाँचौं तल्लासम्म अन्नपूर्ण मिडिया नेटवर्क प्रा.लि. बाहेकका कार्यालयहरु रहेका छन्, के कुन कार्यालय रहेका छन्, सो कार्यालयहरुसँग मेरो सम्बन्ध नरहने भएको कारण ती कार्यालयहरुको बारेमा मलाई जानकारी छैन भन्ने ब्यहोराको सम्मानित सर्वोच्च अदालत, मुद्दा तथा रिट महाशाखा, मुद्दा फाँट

२१ को चलानी नं ४७५७६ मिति २०८१/०१/२३ गतेको पत्रादेश सम्बन्धमा पुनारावेदक/ निवेदक सर्वोच्च अदालतका उपरजिष्ट्रार गोविन्दप्रसाद घिमिरे र प्रत्यर्थी/ विपक्षी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं ४, बालुवाटारमा कार्यालय रहेको सिधा कुरा डट कम समेत भएको अदालतको अवहेलना मुद्दामा पेश भएको श्रव्य दृश्यमा उठाईएको विषयवस्तुको सत्यतथ्य तथा प्राविधिक पक्षको समेत आवश्यक अनुसन्धान तथा छानविन गर्न गठित समिति समक्ष पशुपतिनाथ काफ्लेको नाती, दुर्गा प्रसाद काफ्लेका छोरा जिल्ला सुनसरी, सविक खनार गाविस-७, हाल परिवर्तित इटहरी उपमहानगरपालिका, वडा नं.११, खनार हाल जिल्ला काठमाण्डौ, चन्द्रागिरी नगरपालिका, वडा नं ४, थानकोट, त्रिभुवन पार्क बस्ने वर्ष ४५ को **सुरेन्द्र काफ्ले (नाप्रप नं २८८६३/३०८६३ सुनसरी))ले गरी दिएको घटना विवरण कागज।**

छ) **<u>वरिष्ठ अधिवक्ता हरिप्रसाद उप्रेतीको कागज:-</u>**

छानविन समिति समक्ष प्राप्त हुन आएको File name: 2021_03_12_18_20_18_1 (2), Item type: MP3 Audio File, Size: 19.0 MB भएको Audio Clip कम्प्युटरमा प्ले गरी मलाई सुनाउँदा, सनी र छानविनको क्रममा तयार गरिएको उक्त अडियो क्लिपको संवादको स्क्रिप्ट मलाई दिईएकोमा हेरी पढी सो सम्बन्धमा व्यहोरा अवगत भयो। निज राज कुमार तिमल्सीना भनिएका व्यक्तिसँग आजसम्म मेरो चिनजान, कुराकनी तथा भेटघाट भएको छैन। चिनजान र भेटघाटै नभएको व्यक्तिसँग Discussion हुने प्रश्नै उठ्दैन। त्यो कुरा सरासर झुठो र बनावटी हो। जय नेपाल थापा प्रतिवादी रहेको विशेष अदालत काठमाडौंमा तत्काल विचाराधीन रहेको भ्रष्टाचार मुद्दाको प्रारम्भिक तहमा हुने थुनछेक बहसमा निज प्रतिवादीको तर्फबाट उपस्थित भई बहस पैरवी गरेको हो। त्यस पछी त्यस मुद्दामा मेरो प्रतिनिधित्व भएको छैन। म त्यो अडियो क्लिपमा भनिएको स्थानमा नगएको, नपुगेको, प्रवेश नगरेको हुनाले अडियो क्लिप रेकर्ड गरिएको स्थान र रेकर्ड गर्दा उपस्थित भएका भनिएका व्यक्तिहरुको बारेमा मलाई थाहा छैन, थाहा नहुनु स्वभाविकै हो। सो स्थानमा मेरो उपस्थिति हुनको लागि त्यहाँ उपस्थित भएका कुनै न कुनै व्यक्तिले मलाई सूचना गरेको हुनु पर्ने हो। मलाई कसैबाट पनि उपस्थितिको लागि सूचना आएको छैन, थिएन। म उक्त स्थानमा जाँदै नगएको हुनाले अरुको उपस्थितिको बारेमा मलाई जानकारी भएन। परिचय गराईएको भनिएको व्यहोरा सत प्रतिशत झुठो र बनावटी हो। अधिवक्ता किशोर कुमार बिष्ट बाहेक किशोर नाम र बिष्ट थर भएका अन्य कुनै पनि व्यक्ति म चिन्दिनँ, जान्दिनँ। त्यस्ता व्यक्तिसँग मेरो भेट हुने र परिचय गराउने भन्ने कुरा सम्भवै छैन। त्यो पूर्ण रुपमा असत्य कुरा हो भन्ने ब्यहोराको सम्मानित सर्वोच्च अदालत, मुद्दा तथा रिट महाशाखा, मुद्दा फाँट २१ को चलानी नं ४७५७६ मिति २०८१/०१/२३ गतेको पत्रादेश सम्बन्धमा पुनारावेदक/ निवेदक सर्वोच्च अदालतका उपरजिष्ट्रार गोविन्दप्रसाद घिमिरे र प्रत्यर्थी/ विपक्षी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं ४, बालुवाटारमा कार्यालय रहेको सिधा कुरा डट कम समेत भएको अदालतको अवहेलना मुद्दामा पेश भएको श्रव्य दृश्यमा उठाईएको विषयवस्तुको सत्यतथ्य तथा प्राविधिक पक्षको समेत आवश्यक अनुसन्धान तथा छानविन गर्न गठित समिति समक्ष स्व. प्रतिमान उप्रेतीका छोरा जिल्ला झापा, साविक सुरुङ्गा गाउँ पंचायत, वडा नं.९ हाल कन्काई नगरपालिका, वडा नं ३ स्थायी बसोबार भई हाल जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका, वडा नं.९, कालीमाटी डोल, सिनामंगल बस्ने वर्ष-६७ को **वरिष्ठ अधिवक्ता हरिप्रसाद उप्रेतीले गरी दिएको घटना विवरण कागज।**

**ज)** **राज कुमार तिमल्सीनाको पुन: कागज:-**

मैले सिधाकुरा मिडिया नेटवर्कका प्रकाशक युवराज कँडेललाई ईमेल मार्फत उपलब्ध गराएको अडियो क्लिप काठमाडौं जिल्ला, तीनकुने स्थित अन्नपूर्ण पोष्टको प्रधान कार्यालय मै रेकर्ड गरेको हो। उक्त रेकर्ड करिव ३ वर्ष अगाडी गरिएकोले सो भवनको छैठौं वा सातौं तल्ला भन्ने हाल एकिन गर्न सक्दिनँ। उक्त अडियो क्लिप मैले गोप्य रुपमा रेकर्ड गर्दा मलाई किशोर बिष्ट भन्ने व्यक्तिले मोबाईल बोक्नु भएको त छैन नि भनी प्रश्न गर्दा मैले रेकर्ड गरिएको वार्तालापमा/ स्क्रिप्टको सि.नं. १५ मा मोबाईलहरु माथि छ त सर, मोबाईल छैन सर, सबै बाहिर राख्या छ, पर्सहरु सबै उतै छ हजुर भनी बताएको हुँ। उक्त स्क्रिप्टको सि नं ४ मा “मोबाईल फोनहरु छ भने लैजान मिल्दैन” भनी त्यहाँ रहेका मैले नचिनेको व्यक्तिले बताए पछी मैले सोही स्थानमा सि नं ५ मा भएको वाक्यांश “केही पनि छैन सर। एउटा छ। चाबी र मोबाईल” भनी आफ्नो साथमा रहेको मोबाईल फोन र मोटर साईकलको साँचो त्यहीं रहेको कुर्सीमाथि राखेको थिएँ। मेरो चाबी र मोबाईल फोन अन्नपूर्ण पोष्टको प्रधान कार्यालयको छैठौं/ सातौं तल्लामै राखिएको थियो। मोबाईल फोन र चाबी बाहिर राखी म भित्र पसेको थिएँ। सो कार्यालयको रेकर्ड गरिएको स्थान (भवनको छैठौं/ सातौं तल्लामा) मा जाँदा म अन्नपूर्ण पोष्टको कार्यालय रहेको भवनको पूर्व तर्फ रहेको मुख्य प्रवेश द्वारबाट प्रवेश गरी दक्षिण तर्फ रहेको भर्याङ/ सिंढी चढी माथि गएको थिएँ। रेकर्ड गरिएको स्थानबाट तल आउँदा पनि सोही भर्याङ/ सिंढीबाटै तल आएको थिएँ। अडियो रेकर्ड गरिको स्थानमा भएका ढोकाहरु मलाई त्यति ख्याल छैन। मैले संवादको अन्त्यमा सो विषयवस्तुबारे प्रहरी उपरीक्षक संजय सिंह थापालाई मोबाईल फोनमा बताएको हुँ। उक्त समयमा मैले प्रयोग गरेको मोबाईल फोन नं र प्रहरी उपरीक्षक संजय सिंह थापाको मोबाईल नं हाल याद भएन। सो संवाद हुँदा मैले प्रयोग गरेको मोबाईल फोन हाल मेरो साथमा छैन। उक्त अडियो क्लिप गोप्य रुपमा रेकर्ड गरी कोठा बाहिर निस्के पछी मेरो मोबाईल फोन र चाबी लिई प्रहरी उपरीक्षक संजय सिंह थापाको मोबाईल नं डायल गर्दै तल सिंढी झर्ने क्रममा कुराकानी गरेको हुँ। म रेकर्ड गरिएको स्थान/ कोठाबाट बाहिर निस्कँदा मोबाईल फोन र चाबी राखिएको स्थानमा कोही पनि व्यक्ति थिएनन्। मैले मेरो मोबाईल फोन र चाबी आफै लिई त्यहाँबाट हिंडेको थिएँ। सम्मानित सर्वोच्च अदालत, मुद्दा तथा रिट महाशाखा, मुद्दा फाँट २१ को च नं ४९४७५ मिति २०८१/०२/०६ गतेको पत्रसाथ यस ब्यूरोमा प्राविधिक परीक्षणको लागि प्राप्त हुन आएको भनी मलाई देखाईएको Model M2004J19L, Made in India लेखिएको मोबाईल फोन थान १ देखाउँदा हेरी देखें। उक्त Redmi कम्पनीको मोबाईल फोन मैले सर्वोच्च अदालतको आदेश बमोजिम मिति २०८१/०१/३१ गते निवेदनसाथ सम्मानित अदालतमा पेश गरेको थिएँ। उक्त मोबाईल फोन हेरी चिनी सनाखत गरी दिएँ। सम्मानित अदालतको सम्बन्धित मुद्दा फाँटमा मोबाईल फोन पेश गर्ने बेलामा मैले त्यसमा भएका सम्पूर्ण फाईलहरु (ईमेल तथा अडियो क्लिप समेत) देखाई अडियो क्लिप प्ले गरी सुनाएको पनि थिएँ। उक्त मोबाईल फोनमा भएको सिम कार्ड मैले सम्मानित अदालतका कर्मचारीबाट भएको निर्देशन बमोजिम निकाली मोबाईल खामबन्दी गरी पेश गरे पश्चात लाहाछाप समेत लगाई राखिएको थियो। उल्लेखित मोबाईल फोनको Unlock Pattern सक्रिनमा देखिने ९ वटा बिन्दुहरु मध्ये वायाँ तर्फ रहेको माथिल्लो बिन्दुबाट सिधा तल तेश्रो बिन्दुमा आई दाहिने तर्फ तल्लो लाईनको तेर्सो लाईन बनाई तेश्रो बिन्दुमा समाप्त हुने “L” आकारको Unlock Pattern रहेको छ। सो मोबाईल फोन समिति समक्ष आजै मिति २०८१/०२/०६ गते १४३६ बजे On गरी उक्त Unlock Pattern

देखाई दिएको छु भन्ने व्यहोराको सम्मानित सर्वोच्च अदालत, मुद्दा तथा रिट महाशाखा, मुद्दा फाँट २१ को चलानी नं ४७५७६ मिति २०८१/ ०१/२३ गतेको पत्रादेश सम्बन्धमा पुनारावेदक/ निवेदक सर्वोच्च अदालतका उपरजिष्ट्रार गोविन्दप्रसाद घिमिरे र प्रत्यर्थी/ विपक्षी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं ४, बालुवाटारमा कार्यालय रहेको सिधा कुरा डट कम समेत भएको अदालतको अवहेलना मुद्दामा पेश भएको श्रव्य दृश्यमा उठाईएको विषयवस्तुको सत्यतथ्य तथा प्राविधिक पक्षको समेत आवश्यक अनुसन्धान तथा छानविन गर्न गठित समिति समक्ष काम प्रसाद तिमल्सीनाका छोरा जिल्ला ललितपुर, सविक देवीचौर गाविस-७, हाल परिवर्तित गोदावरी नगरपालिका, वडा नं ७, देवीचौर घर भई हाल जिल्ला भक्तपुर, मध्यपुर थिमि नगरपालिका, वडा नं १, मनोहरा प्लानिङ बस्ने बस्ने वर्ष-३७ को **राज कुमार तिमल्सीनाले पुन: गरी दिएको घटना विवरण कागज ।**

**अभियुक्तउपरको अभियोग:**

प्रस्तुत मुद्दामा नेपाल प्रहरी प्रधान कार्यालय, साइवर ब्यूरो, काठमाडौँबाट अनुसन्धान कार्य सम्पन्न भई अभियोजनार्थ पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न **केन्द्रिय अनुसन्धान ब्यूरोको पत्र, बुझिएका मानिसहरु राज कुमार तिमल्सीना, किशोर कुमार बिष्ट, कैलास प्रसाद सिरोहिया, संजय सिंह थापा, रामेश्वर थापा, सुरेन्द्र काफ्ले, हरिप्रसाद उप्रेती, राज कुमार तिमल्सीनाले** खुलाई लेखाई दिएको घटना बिवरण कागजहरू समेतको आधार प्रमाणबाट सम्मानित सर्वोच्च अदालत, मुद्दा तथा रिट महाशाखा, मुद्दा फाँट २१ को चलानी नं.४७५७६ मिति २०८१/०१/२३ गतेको प्राप्त पत्रादेश सम्बन्धमा पुनरावेदन/निवेदक सर्वोच्च अदालतका उपरजिस्ट्रार गोविन्द प्रसाद घिमिरे र प्रत्यर्थी/विपक्षी काठामाडौं महानगरपालिका वडा नं.४ बालुवाटार कार्यालय रहेको सिधा कुरा डट कम समेत भएको अदालतको अवहेलना मुद्दामा पेश भएको श्रव्य दृष्यमा उठाईएको विषयवस्तुको सम्बन्धमा यस ब्यूरोको चलानी नं.११५६४ मिति २०८१/०१/२४ गतेको पत्रद्धारा गठित अनुसन्धान तथा छानविन समितिले पेश गरेको प्रतिवेदनमा श्रीमान प्रहरी महानिरीक्षकज्यूबाट फौजदारी कानून उल्लघंन गरेको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतको आदेश अनुसार गर्न हुन भनी क्रमश:लेखापढी हुँदै आवश्यक अनुसन्धान गरी कानून बमोजिम कारबाही गर्नु हुन छानविन प्रतिबेदन थान-१ (एक) यसै पत्रसाथ संलग्न राखी पठाईएको भन्ने तालुक नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रिय अनुसन्धान ब्यूरो, लाजिम्पाटको च.नं.१३५११, मिति २०८१/०२/३० गतेको पत्र, प्रस्तुत वारदात सम्बन्धमा प्रहरी नायव महानिरीक्षक (हाल बढुबा भई) नविन्द अर्याल संयोजक रहनु भएको छानविन समिति समक्ष बुझिएका मानिसहरूले खुलाई लेखाई दिएको घट्ना विवरण कागजहरू, अनुसन्धानकै क्रममा संकलन हुन आएको अडियो क्लिप, महान्यायाधिवक्ताको कार्यालय, नेपाल रामशाहपथ, काठमाडौं (मुद्दा शाखा) को च.नं. ४३२३ मिति २०८१/०३/०५ गतेको पत्रसाथ प्राप्त हुन आएको निवेदक गोविन्द प्रसाद घिमिरे र विपक्षी सिधा कुरा डट कम समेत भएको अदालतको अवहेलना मुद्दामा पेश भएका अनुसन्धान तथा छानविन प्रतिवेदन, सो सम्बन्धमा अनुसन्धान तथा छानविनको क्रममा संकलन गरिएका सक्कलै कागजातहरू, बिभिन्न परिक्षण प्रतिवेदनहरू, अडियो क्लिप तथा स्वर/आवाजको नमूना लिन प्रयोग भएका पेन ड्राईभहरू, Redmi मोबाईल सेट समेतको आधारमा फरार प्रतिवादी **राज कुमार तिमल्सीनाले,**

सम्मानित सर्वोच्च अदालतको गरिमामा आँच पुर्‍याई, सम्मानित अदालतप्रतिको आमधारणामा भ्रम उत्पन्न गराई, घृणा वा द्वैष फैलाउने उदेश्यले अप्रामाणीत, असत्य, कपोकल्पीत र भ्रामक समाचारहरूको Audio Clip बनाई सो बनाएको Audio Clip लाई निज राज कुमार तिमल्सीनाले आफ्नो ईमेल ठेगाना timalsinaaarosh@gmail.com बाट सिधा कुरा डटकम कार्यालयका अध्यक्ष तथा प्रस्तोता युवराज कडेंलको ईमेल ठेगाना yuvrajdtv@gmail.com मा पठाईदिई प्रतिवादी युवराज कडेंलको ईमेलमा प्राप्त हुन आएको Audio Clip को सही सत्य साँचो रहे नरहेको सम्बन्धमा सत्यताको जाँच नगरी सिधा कुरा डटकम कार्यालयका अध्यक्ष तथा **प्रस्तोता युवराज कडेंल** र सोही कार्यालयका कार्यकारी सम्पादक **नवीन ढुंगानाले** सिधा कुरा नामक YouTube Channel (युट्युब च्यानल) मार्फत **चारसय बढी भ्रष्टचारका मुद्दा डिसमिस गराउने सर्चोच्च अदालतका न्यायाधीश सहभागी बैठकको स्टिङ अपरेशन** शिर्षकमा प्रसारण गरी/गराई **प्रतिवादीहरू राज कुमार तिमल्सीना, युवराज कडेंल र नविन ढुँगानाले** सम्मानित सर्वोच्च अदालत र माननीय न्यायाधीश ज्युको मान प्रतिष्ठा समेतमा आँच पुर्‍याई, सम्मानित अदालतप्रतिको आमधारणा समेतमा भ्रम उत्पन्न गराई, घृणा वा द्वैष फैलाउने  कार्य गरी **विद्युतीय (ईलेक्ट्रोनिक) कारोबार ऐन, अन्तर्गतको कसूर** र सम्मानित सर्वोच्च अदालत र सो अदालतका माननिय न्यायाधिश तथा अन्य व्यक्ति र निकाय प्रति समेत अदालतको मुद्धामा हुने कार्यविधि तथा सुनुवाई र फैसलासँग जोडी गलत भिडियो क्लिप तयार पारी प्रशारण समेत गरी **अपमानजनक कार्य समेतको कसूर** गरेको वारदात स्थापित हुन आयो।

अब बिरुद्ध खण्डमा उल्लिखित **प्रतिवादीहरु राज कुमार तिमल्सीना, युवराज कंडेल, नविन ढुंगानाले** प्रस्तुत वारदात के कसरी घटाएका हुन र निज उपर के कुन कानुन बमोजिम कसुर र सजायको मागदावी लिने भनी मिसिल संलग्न प्रमाणहरु अध्ययन गरी अभियोजन तर्फ हेर्दा, प्रहरी नायव महानिरीक्षक (हाल बढुबा भई) नविन्द अर्याल संयोजक रहेको छानविन समिति समक्ष पेश हुन आएको सिधाकुरा मिडिया नेटवर्क प्रा.लि.बाट प्राप्त हुन आएको अडियो क्लिपमा राज कुमार तिमल्सीना र निजले अधिवक्ता किशोर कुमार बिष्टको सहायक भनी बताएको किशोर बिष्ट बीच अधिकांश संवाद भएको देखिएको तर अधिवक्ता किशोर कुमार बिष्टको सहायकको रुपमा काम गर्ने किशोर बिष्ट नभएको भनी अधिवक्ता किशोर कुमार बिष्टले घटना विवरण कागजमा खुलाएको, प्राप्त अडियो क्लिपमा आवाज/स्वर रहेको भनी राज कुमार तिमल्सीनाले घटना विवरण कागज गर्दा खुलाएको किशोर बिष्ट भन्ने व्यक्तिको संवादमा गरिएको कुराकानीको विषयमा निजको उपस्थितिको औचित्यता पुष्टी हुने आधार नदेखिएको, अडियो क्लिप रेकर्ड गर्दा त्यहाँ उपस्थित भनिएका प्रमुख पात्रहरुको कुनै पनि संवाद नरहेको तथा उक्त अडियो क्लिप रेकर्डकर्ता राज कुमार तिमल्सीनाको अडियोमा गरिएको संवादले विचाराधीन मुद्दाहरुमा के कसरी प्रभाव पार्न सक्छ भन्ने कुनै पनि वस्तुनिष्ठ आधार नदेखिएको,अडियो क्लिप रेकर्डकर्ता राज कुमार तिमल्सीनाले उक्त अडियो क्लिपमा अधिकांश संवाद रहेका भनी निज स्वयंले खुलाएको किशोर बिष्ट भन्ने व्यक्तिको कुनै विवरण उपलब्ध गराउन नसकेको, प्राप्त हुन आएको अडियो क्लिपको File name: 2021_03_12_18_20_18_1.mp3 देखिएबाट उक्त अडियो क्लिप रेकर्ड गरिएको मिति/दिन 2021_03_12  (सन् २०२१ मार्च (३) महिनाको १२ गते) र समय 18_20_18 (१८:२०:१८ बजे) मा हुन सक्ने देखिन्छ। उक्त संवाद मिति २०७७ चैत्र ३० गते १७०० देखि १८०० को बीचमा रेकर्ड गरिएको राज कुमार तिमल्सीनाले बताए तापनि उक्त अडियो क्लिपको

नामाकरण भएको मिति 2021_03_12 (सन् २०२१ मार्च (३) महिनाको १२ गते) नेपालीमा रुपान्तरण गर्दा २०७७ फागुन १९ हुन आउँछ, जुन मिलेको देखिंदैन। सिधाकुरा मिडिया नेटवर्क प्रा.लि.बाट पेन ड्राईभहरुमा प्राप्त हुन आएको उक्त अडियो क्लिप के कुन मिति र समय तथा के कुन उपकरणबाट रेकर्ड गरिएको भन्ने सम्बन्धमा प्राविधिक परीक्षणबाट एकीनसाथ खुल्न नआएको, उक्त अडियो क्लिप २०७७/१२/३० गते रेकर्ड गरी त्यसको २ दिन पछि विर्तामोड झापा स्थित मोबाईल फोन पसलमा कम्प्युटरमा ट्रान्सफर गरी कम्प्युटरबाट निजको व्यक्तिगत मोबाईल फोनमा ट्रान्सफर गरेको भनी घटना विवरण कागजमा उल्लेख गरे तापनि विर्तामोड झापा स्थित रहेका मोबाईल फोन पसलहरुमा निजको बारेमा फोटो देखाई सो विषयमा सोधपुछ गर्दा निजलाई कोही कसैले नचिनेको कारण निजले झुठ्ठा व्यहोरा लेखाई दिएको देखिन्छ, उक्त अडियो क्लिप रेकर्ड गर्ने राज कुमार तिमल्सीनाले सम्मानित सर्वोच्च अदालतमा पेश गरेको मोबाईल फोनको प्राविधिक परीक्षणबाट निजको मोबाईल फोनमा रहेको File name: 2021_03_12_18_20_18_1.mp3 भएको अडियो क्लिप सन् 4/17/2024 1:43:43 PM(UTC+0) (मिति २०८१/०१/०५ गते 19:28) मा उक्त मोबाईल फोनमा download गरेको देखिएको, परीक्षणको लागि पठाईएको मोबाईलको Recorder को recording भित्र 17 Apr,19.08(2).aac नामको 06:13 17/04/2024 (मिति २०८१/०१/०५ गते बिहान ०६:१३ बजे) को अडियो क्लिप सोही मोबाईल फोनबाट रेकर्ड गरिएको पाईएको, सम्मानित सर्वोच्च अदालतबाट प्राप्त हुन आएको मोबाईल फोनको Recorder को recording भित्र 17 Apr,19.08(2).aac नामको 06:13 17/04/2024 (मिति २०८१/०१/०५ गते बिहान ०६:१३ बजे) को अडियो क्लिप पाइएको र मोबाईलको Forensic गर्दा सो अडियो क्लिप को Modified Date: 4/17/2024 1:29:48:PM (UTC+0) (मिति २०८१/०१/०५ गते नेपाली समय19:14) देखिएको। सो अडियो क्लिप खोल्दा Duration time: 05:58 sec रहेको। मोबाईलको Recorder को recording भित्र रहेको file name: 17 Apr,19.08 (2).aac, Duration time: 05:58sec भएको अडियो क्लिप सोही मोबाईल फोनको Downloads भित्र रहेको file name: 2021_03_12_18_20_18_1.mp3, 20:49 sec भएको अडियो क्लिपको अंश रहेको पाईएको, file name:2021_03_12_18_20_18_1.mp3, size 19MB time: 20:49 sec भएको mp3 file timalsinaaarosh@gmail.com बाट yuvrajdtv@gmail.com मा मिति 4/17/2024 2:40:29 PM (UTC+0) (मिति २०८१/०१/०५ गते 20:25) मा email मार्फत attached गरी पठाईएको पाईएको, राज कुमार तिमल्सीनाले २०७७/१२/३० गते उक्त अडियो क्लिप रेकर्ड गरी त्यसको २ दिन पछी झापा स्थित बिर्तामोडमा रहेको मोबाईल फोन पसलको डेस्कटप कम्प्युटरमा Transfer गरी निजले सर्वोच्च अदालतमा पेश गरेको Redmi कम्पनीको मोबाईल फोनमा कपी गरेको भनी घटना विवरण कागजमा खुलाई लेखाई दिएतापनि उक्त मोबाईल फोनको downloads मा रहेको अडियो क्लिप 2021_03_12-_18_20_18_1.mp3 सन् 4/17/2024 1:43:43 PM (UTC+0) (मिति २०८१/०१/०५ गते 19:28) मा उक्त मोबाईल फोनमा download गरेको देखिएबाट निजले घटना विवरण कागजमा खुलाएको व्यहोरा झुठा देखिएको, उक्त अडियो क्लिपको संवादको अन्त्यमा सो घटना क्रमबारे प्रहरी उपरीक्षक संजय सिंह थापालाई जानकारी गराएको भनी निजले घटना विवरण कागजमा खुलाएको व्यहोरालाई प्रहरी उपरीक्षक संजय सिंह थापाले उल्लेखित व्यहोरामा सत्यता नरेहको भनी गरी दिएको घटना विवरण कागजले खण्डित गरेको देखिन्छ,

उक्त अडियो क्लिप निज राज कुमार तिमल्सीनाले अन्नपूर्ण पोष्टको कार्यालयमा सो कार्यालयका अध्यक्ष रामेश्वर थापा, कान्तिपुरका अध्यक्ष कैलाश सिरोहिया, पत्रकार सुरेन्द्र काफ्ले, अधिवक्ता किशोर कुमार बिष्ट, वरिष्ठ अधिवक्ता हरिप्रसाद उप्रेती समेतको उपस्थितिमा रेकर्ड गरेको भनी बताएतापनि सम्बन्धित सबै व्यक्तिहरुको घटना विवरण कागजले उल्लेखित व्यहोरा खण्डित गरेको देखिएबाट निज प्रतिवादी राज कुमार तिमल्सीनाले सम्मानित सर्वोच्च अदालतको गरिमामा आँच पुर्‍याउने उदेश्यले अप्रामाणीत, असत्य, कपोकल्पीत र भ्रामक समाचारमा बनाईएको सो अडियोलाई निजैले प्रयोग गर्ने timalsinaaarosh@gmail.com बाट सिधा कुरा डट कम कार्यालयका अध्यक्ष तथा प्रस्तोता युवराज कडेंलले प्रयोग गर्ने yuvrajdtv@gmail.com मा email मार्फत attached गरी पठाई सो पठाईएको अडियोको सत्यताको कुनै जाँच नगरी/नगराई सिधा कुरा नामक Youtube Channel (युट्युब च्यानल) मार्फत चारसय बढी भ्रष्टचारका मुद्दा डिसमिस गराउने सर्चोच्च अदालतका न्यायाधीश सहभागी बैठकको स्टिङ अपरेशन शिर्षकमा प्रसारण गरी/गराई **प्रतिवादीहरू राज कुमार तिमल्सीना, युवराज कडेंल र नविन ढुंगाना समेतले विद्युतीय कारोबार ऐन अन्तर्गतको र अपमानजनक कसूर जन्य कार्य गरेको झनै प्रष्ट हुन आउँछ ।**

अत: माथि उल्लेखित तथ्यहरुको आधारमा **प्रतिवादी राज कुमार तिमल्सीनाले** सम्मानित सर्वोच्च अदालतमा पेश गरेको मोबाईल फोनबाटै सन् 17/04/2024 (मिति २०८१/०१/०५ गते) मा file name:17 Apr,19.08(2).aac भएको अडियो क्लिप रेकर्ड गरेको, निजले ईमेल मार्फत पठाएको file name: 2021_03_12_18_20_18_1.mp3 भएको अडियो क्लिप सो मोबाईल फोनमा copy गरी राखेको नभई सन् 4/17/2024 (मिति २०८१/०१/०५ गते) मा download गरेको, file name:17 Apr,19.08(2).aac भएको अडियो क्लिप निजको मोबाईल फोनको downloads मा रहेको file name:2021_03_12_18_20_18_1.mp3 भएको अडियो क्लिपको अंश रहेको, file name:2021_03_12_18_20_18_1.mp3 भएको अडियो क्लिप सन् 4/17/2024 2:40:29 PM (UTC+0) (मिति २०८१/०१/०५ गते 20:25) मा ई मेल मार्फत पठाएको देखिन आएको, सिधाकुरा मिडिया नेटवर्क प्रा.लि.लाई उक्त अडियो क्लिप उपलब्ध गराउने राज कुमार तिमल्सीनाले उक्त अडियो क्लिप मिति २०७७/१२/३० गते १७०० देखि १८०० बजेको बीचमा काठमाडौं जिल्ला, तीनकुने स्थित अन्नपूर्ण पोष्टको प्रधान कार्यालय रहेको भवनमा अधिवक्ता किशोर कुमार बिष्ट लगायतका व्यक्तिहरुको उपस्थितिमा रेकर्ड गरेको भन्ने व्यहोरा छानविनको क्रममा प्राप्त हुन आएको अडियो फाईलको प्राविधिक परीक्षण, उक्त अडियो क्लिपमा आवाज रहेको तथा उक्त अडियो क्लिप रेकर्ड गर्दा उपस्थित रहेको भनी खुल्न आएका व्यक्तिहरुको घटना विवरण कागज, सम्मानित सर्वोच्च अदालतबाट प्राप्त हुन आएको मोबाईल फोनको प्राविधिक परीक्षण प्रतिवेदन समेतको आधारमा नदेखिएको सन्दर्भमा हाल सम्म फरार प्रतिवादी राज कुमार तिमल्सीनाले, सम्मानित सर्बोच्च अदालत, माननीय न्यायाधीश ज्यूहरू प्रतिको आमधारणामा भ्रम उत्पन्न गराई, सम्मानित अदालतको गरिमामा आँच पुर्‍याई, घृणा वा द्वैष फैलाउने उदेश्यले अप्रमाणीत, असत्य, कपोकल्पीत र भ्रामक समाचारको अडियो क्लीप बनाई सो बनाएको अडियो क्लीपलाई सिधा कुरा डट कमका अध्यक्ष तथा

प्रस्तोता **युवराज कडेंल** र सोही कार्यालयका कार्यकारी निर्देशक **नविन ढुंगानाले** कुनै सत्यताको जाँच नगरी/नगराई आफ्नो सिधा कुरा नामक YouTube Channel (युट्युब च्यानल) मार्फत **चार सय बढि भ्रष्टाचार मुद्दा डिसमिस गराउने सर्वोच्च अदालतका न्यायाधीश सहभागी बैठकको स्टिङ्ग अपरेशन** शिर्षकमा मिति २०८१/०१/१४ गते प्रसारण गरी/गराई तथा सम्मानित सर्वोच्च अदालत र सो अदालतका माननिय न्यायाधिश तथा अन्य व्यक्ति र निकाय प्रति समेत अदालतको मुद्धामा हुने कार्यविधि तथा सुनुवाई र फैसलासँग जोडी गलत भिडियो क्लिप तयार पारी प्रशारण समेत गरी अपमानजनक कार्य समेतको कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरु कुमार तिमल्सीना, युवराज कडेंल र नविन ढुंगानालाले **विद्युतीय (ईलेक्ट्रोनिक) कारोबार ऐन अन्तर्गतको कसूर तर्फ:** विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ४७ को उपदफा (१) बमोजिमको कसूर र **अपमानजन व्यवहारको कसूर तर्फ**: मुलुकी अपराध संहिता, २०७४ को दफा १६८ (१) विपरितको कसूर गरेको स-प्रमाण पुष्टि हुन आयो।

**अभियुक्तलाई हुनुपर्ने सजाय:**

अतः उल्लिखित आधार प्रमाणहरुबाट **प्रतिवादीहरू राज कुमार तिमल्सीना, युवराज कडेंल र नविन ढुंगानालालाई *विद्युतीय (ईलेक्ट्रोनिक) कारोबार ऐन अन्तर्गतको कसूर तर्फ*:** विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ४७ को उपदफा (१) बमोजिमको कसूरमा सोही ऐनको दफा ४७ को उपदफा (१) बमोजिम सजाय र **अपमानजन व्यवहारको कसूर तर्फ**: मुलुकी अपराध संहिता, २०७४ को दफा १६८ (१) विपरितको कसूरमा सोही संहिताको दफा १६८ को उपदफा (२) बमोजिम सजाय हुन र Model:M2004J19I, Made in India लेखिएको (तत्कालिन समयमा प्रतिवादी राज कुमार तिमल्सीनाले सम्मानित सर्वोच्च अदालतमा पेश गरेको मोबाईल सेट) Redmi मोबाईल सेट थान-१, महान्यायाधिवक्ताको कार्यालय, नेपाल रामशाहपथ मार्फत सम्मानित सर्वोच्च अदालतमा पेश पेश गरिने भएकोले सो मोबाईल सेट र पेनड्राइभ लगायतका समाग्रिहरुलाई सम्मानित सर्वोच्च अदालतबाट प्रस्तुत मुद्दामा झिकाई दशी मानि कसूरमा प्रयोग भएको उक्त मोवाइल सेट र पेनड्राइभ लगायतका समाग्रिहरुलाई विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ५६ बमोजिम जफत हुन समेतको मागदावी लिई सक्कल मिसिल यसै अभियोग पत्रसाथ पेश गरेको व्यहोरा अनुरोध छ।

साथै प्रस्तुत मुद्दामा संलग्न रही हाल फरार रहेका **प्रतिवादीहरू राज कुमार तिमल्सीना, युवराज कडेंल र नविन ढुंगानालाको हकमा** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७ बमोजिम सम्मानित अदालतबाटै पक्राउ पुर्जी जारी गरि पाँउन अनुरोध छ।

**सजाय कम वा सजायमा छुटको मागदावी र आधार:×**

**क्षतिपुर्तिको माग दावी:**

सम्मानित सर्वोच्च अदालतका माननिय न्यायाधिश तथा अन्य निकाय तथा व्यक्तिलाई प्रतिवादीहरुको कसूरबाट पर्न भएको अपमानजनक पीडा समेतको विचार गरी सम्वन्धित पीडित व्यक्तिलाई विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ५८क र मुलुकी अपराध संहिता, २०७४ को दफा १६९ बमोजिम प्रतिवादीहरुबाट नै मनासिव क्षतिपुर्ति भराई पाँउन मागदावी लिइएको छ।

साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन अनुरोध छ।

**अभियोग दावीसँग सम्बन्धित कानूनी व्यवस्थाः**

**विद्युतीय (इलोक्ट्रोनिक) कारोवार ऐन, २०६३ को**

**दफा ४७. विद्युतीय स्वरुपमा गैरकानूनी कुरा प्रकाशन गर्नेः**

**(१)** मा "कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुमा प्रचलित कानूनले प्रकाशन तथा प्रर्दशन गर्न नहुने भनी रोक लगाएका सामग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्धका सामग्री वा कसैप्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदायबीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने, महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई **एक लाख रुपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय**।

**(२)** कुनै व्यक्तिले उपदफा (१) बमोजिमको कसूर पटक पटक गरेमा त्यस्तो कसूर वापत अघिल्लो पटक भएको सजायको डेढी सजाय हुनेछ।

**सोही ऐनको दफा ५८ क. क्षतिपूर्ति भराई दिनेः** यस परिच्छेद बमोजिमको कसूरबाट पीडित व्यक्तिलाई हुन गएको हानी नोक्सानी विचार गरी न्यायाधिकरणले कसूरदारबाट मनासिव क्षतिपूर्ति भराई दिन सक्नेछ।

**मुलुकी अपराध संहिता, २०७४ को दफा १६८. अपमानजनक वा अमानवीय व्यवहार गर्न नहुने :** (१) कसैले कसैलाई अपमानजनक वा अमानवीय व्यवहार गर्न वा गराउनु हुँदैन।

**(२)** उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच वर्ष सम्म कैद र पचास हजार रुपैयाँ सम्म जरिवाना हुनेछ।

**१६९. क्षतिपूर्ति भराई दिनु पर्ने :** यस परिच्छेद बमोजिमको कसूर गर्ने व्यक्तिबाट पीडित व्यक्तिलाई पुगेकोक्षति वा पीडा बापत मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

**५६. जफत गर्ने :** यस ऐन बमोजिम कम्प्युटर सम्बन्धी कसूर ठहर्ने कुनै कसूर गर्न प्रयोग गरिएको कुनै पनि कम्प्युटर, कम्प्युटर प्रणाली, फ्लपी, कम्प्याक्ट डिक्स, टेप ड्राइभ, सफ्टवेयर वा अन्य सहायक उपकरणहरु जफत गरिनेछ।

**अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरुः**

क. छानविन समितिले पेश गरेको छानविन प्रतिवेदनमा औंल्याएको फौजदारी कानूनको उलंघन सम्बन्धमा मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ४ को दफा ८९ को झुठ्ठा प्रमाण बनाउन नहुने कसूर अनुसूची १ र अनुसूची २ मा नपर्ने देखिदा अनुसूची ३ तर्फ पर्ने भएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४३ बमोजिम अनुसूची ३ को कसूर सम्बन्धी मुद्दा उजुरी वा प्रतिवेदनको रूपमा नेपाल सरकार

संवैधानिक निकाय अदालत वा कुनै सार्वजनिक अधिकारीले  मुदाको दायरी गर्ने भन्ने कानूनी व्यवस्था भएकोले सरकारी वकीलले मुद्दाको दायरी अभियोगपत्रको रूपमा गर्ने अवस्था नभएकोले सम्मानित सर्वोच्च अदालतसँग सम्बन्धित भएकोले सो कसूरको हकमा सम्मानित सर्वोच्च अदालत तर्फबाट  नै आवश्यक कारवाही गर्ने गरी पठाउने गरी अनुसन्धान गर्ने निकाय मार्फत जानकारी गर्ने गरी निर्णय भएको व्यहोरा जानकारीको लागी अनुरोध छ।

ख. महान्यायाधिवक्ताको कार्यालय नेपाल रामशाहपथ, काठमाडौंको च.नं.४३२३ मिति २०८१/०३/०५ गतेको पत्रसाथ साइवर व्यूरोमा प्राप्त सक्कलै कागजातहरूको प्रतिलिपी कागजातहरू मिसिल साथ संलग्न रहेको उल्लेखित सक्कलै कागजातहरू महान्यायाधिवक्ताको कार्यालय, नेपाल रामशाहपथ, काठमाडौंमा फिर्ता पठाउनु पर्ने भउकोले सो कागज लगायतका दशीहरु पछि अदालतबाटै सिम्मानित सर्वोच्च अदालतबाट माग गरि संलग्न गरि पाँउन अनुरोध छ।

ग. प्रस्तुत मुद्दाको वारदातमा अन्य कोही कसैको संलग्नता रहेको भनि पछि अनुसन्धानबाट खुलि आएका बखत मुलुकी फौजदारी कार्यविधी सहिता, २०७४ को दफा ३५ बमोजिम थप दावी लिई अभियोगपत्र दायर गरिने व्यहोरा अनुरोध छ।

**सबुद प्रमाणः**

**दसी प्रमाण तथा कसूरसँग सम्बन्धित चिज वस्तुः**

क. महान्यायाधिवक्ताको कार्यालय, नेपाल रामशाहपथ, काठमाडौंको च.नं.४३२३ मिति २०८१/०३/०५ गतेको पत्रसाथ प्राप्त **Pen Drive** हरू समेतलाई कपि गरी राखिएको **DVD** थान-७ (सात) मिसिल संलग्न रहेको।

ख. महान्यायाधिवक्ताको कार्यालय, नेपाल रामशाहपथ, काठमाडौंको च.नं.४३२३ मिति २०८१/०३/०५ गतेको पत्रसाथ प्राप्त **Model:M2004J19I Made in India** लेखिएको **Redmi** मोबाईल थान-१ (एक)।

ग. (महान्यायाधिवक्ताको कार्यालय, नेपाल रामशाहपथ, काठमाडौंको च.नं.४३२३ मिति २०८१/०३/०५ गतेको पत्रसाथ प्राप्त माथि सि.नं.१९ को क) र ख) मा उल्लेखित डिभाईस (**Pen Drive**-५, **DVD**-२, मोबाईल सेट-१) हरू महान्यायाधिवक्ताको कार्यालय, नेपाल रामशाहपथ, काठमाडौं मार्फत सम्मानित सर्वोच्च अदालतमा  फिर्ता हुने भएकोले सम्मानित सर्वोच्च अदालतबाट नै पछि झिकाई दशी कायम गरि पाँउन अनुरोध छ।

**गवाहः जाहेरवालाः** केन्द्रिय अनुसन्धान ब्यूरोको प्रतिवेदनका प्रतिवेदकहरु।

**देख्ने/सुन्नेःबुझिएका मानिसहरुः** किशोर कुमार बिष्ट, कैलास प्रसाद सिरोहिया, संजय सिंह थापा, रामेश्वर थापा, सुरेन्द्र काफ्ले र हरिप्रसाद उप्रेती।

**प्रस्तुत कागजपत्रहरुः**

१. प्रहरी प्रधान कार्यालय, केन्द्रिय अनुसन्धान ब्यूरो, लाजिम्पाटको च.नं.१३५११ मिति २०८१/०२/३० गतेको पत्र साथ छानबिन प्रतिबेदन सहित पाना- ३३।

२. ऐ. मितिमा ऐ.कार्यालयबाट प्राप्त छानबिन प्रतिबेदन थान-१ रहेको खाम बन्दी थान-१।

३. ऐ.३१ गते प्रहरी प्रधान कार्यालय, केन्द्रिय अनुसन्धान ब्यूरो, लाजिम्पाटलाई लेखको पत्र पाना-१।

४. मिति २०८१/०३/०५ गतेको महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ काठमाडौंको पत्रसाथ संलग्न कागजात समेत पाना-१०८।
५. ऐ.गतेको अ.अ.तोकिएको पत्र समेत पाना-२।
६. ऐ.गतेको काठमाडौं जिल्ला अदालतलाई लेखेको पत्र समेत पाना-२।
७. ऐ.गतेको मानिस पक्राउको लागि लेखको पत्र समेत पाना-३।
८. ऐ.०६ गतेको प्रारम्भिक अनुसन्धान प्रतिबेदन पाना-१।
९. ऐ.०९ गतेको काठमाडौ जिल्ला अदालतलाई लेखेको पत्र समेतको पाना-११।
१०. ऐ.गतेको यस कार्यालयको पत्र पाना-१।
११. ऐ.१० गतेको नेपाल राष्ट्र बैक र मालपोत कार्यालय सबैलाई लेखेको पत्र पाना-२।
१२. प्रतिवादीको अपराध अभिलेख प्रतिबेदन पाना-२।
१३. ऐ.१० गतेको जिल्ला प्रहरी परिसर ललितपुरलाई लेखेको पत्र पाना-१।
१४. ऐ.गतेको जिल्ला प्रहरी परिसर, काठमाडौंको पत्र पाना-१।
१५. ऐ.११ गतेको जिल्ला प्रहरी परिसर, भक्तपुर र ललितपुरको पत्र पाना-२।
१६. जि.स.व.का.काठमाडौंको निर्देशन पत्र पाना-१।
१७. ऐ.१२ गतेको पक्राउको लागि अनुमति माग गरिएको पत्र पाना-२।
१८. ऐ.गतेको विवरण उपलब्ध गराउन अनुमति माग गरिएको पत्र पाना-१।
१९. ऐ.गतेको मानिस पक्राउ गरी दाखिला गराई दिन लेखिएको पत्र समेतको पाना-२।
२०. प्रतिवादीहरूको अपराध अभिलेख प्रतिबेदन पाना-२।
२१. ऐ.१३ गतेको मानिस फेला नपरेको प्रतिवेदन पाना-१।
२२. ऐ.गतेको मानिस फेला नपरेको सम्बन्धमा जिल्ला प्रहरी परिसर काठमाडौंले लेखेको पत्र पाना-१।
२३. ऐ.गतेको मानिस फेला नपरेको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय धादिङले लेखेको पत्र पाना-१।
२४. ऐ.गतेको मानिस फेला नपरेको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय बाग्लुङले लेखेको पत्र पाना-१।

**यो अभियोगपत्रबाट कारवाही शुरु गर्न सादर अनुरोध गरिन्छ।**

**कार्यालयको छापः**

**सरकारी वकीलको,**
**दस्तखतः**
**नामः चन्द्र प्रसाद संजेल**
**दर्जाः सहायक जिल्ला न्यायाधिवक्ता**
**कार्यालयः जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं।**
**मितिः २०८१/०३/१३/५**